# पुर्चौंडी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

प.सं.:- २०८२/०८३
च.नं.:-

हाँट, बैतडी
सुदूरपश्चिम प्रदेश नेपाल

**विषय: सार्वजनिक तथा सरकारी सम्पत्तिको संरक्षण एवं अतिक्रमण हटाउने सम्वन्धी सार्वजनिक सूचना (मिति २०८३।०२।१३ गते)**

यस पुर्चौंडी नगरपालिका अन्तर्गत रहेका सार्वजनिक, सरकारी तथा सामुदायिक सम्पत्तिहरू जस्तै सडक, पुल, विद्यालय भवन, सार्वजनिक जग्गा, चौतारा, पार्क, खानेपानी संरचना, वन क्षेत्र, विद्युत तथा सञ्चार संरचना लगायतका सम्पत्तिहरू सम्पूर्ण नागरिकको साझा सम्पत्ति भएकाले यसको संरक्षण, संवर्द्धन तथा सही उपयोग गर्नु सबैको दायित्व हो। यस सम्बन्धमा नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (साविक), सिंहदवार, काठमाडौंको च.नं. ४१२, मिति २०८३/०१/१७ को सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण गर्ने/ गराउने सम्वन्धमा लेखी आएको। त्यसैगरी जिल्ला प्रशासन कार्यालय वैतडीको प.सं. २०८२।०८३, च.नं. १४२३, मिति २०८३।०१।१७ गतेको स्थानीय तहको क्षेत्रभित्र अतिक्रमणमा परेका सरकारी र सार्वजनिक जग्गाको पहिचान गरी अतिक्रमण हटाउने सम्वन्धी पत्र प्राप्त भएकोछ।

मिति २०८३/०२/१३ गते बसेको नगर कार्यपालिकाको निर्णयअनुसार यस नगरपालिका भित्रका विभिन्न वडा, बस्ति, बजारक्षेत्र, सडक छेउछाउ तथा वन क्षेत्रहरुमा विभिन्न संरचना (घर, व्यापार/व्यवसाय) निर्माण गरी अतिक्रमण गरेको भन्ने कुरा जानकारीमा आएको हुँदा यस्ता अतिक्रमण गरिएका जग्गा/स्थानहरुको पहिचान गरी अतिक्रमण हटाउने कार्य यथशिघ्र प्रारम्भ गरिने भएकाले यस्ता प्रकृतिका जग्गा र स्थानहरुमा बसोबास गरेका, व्यापार व्यवसाय सञ्चालन गरिरहेका व्यक्ति/परिवारहरुले उक्त जग्गामा बसेको सरकारी प्रमाण केही भएमा सोको सक्कलै प्रति लिई सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र वडा कार्यालयहरुमा सम्पर्क गर्न हुन जानकारी गराइन्छ। अन्यथा उक्त अतिक्रमण गरेका सरकारी/सार्वजनिक जग्गा/स्थानबाट यथाशिघ्र संरचनाहरु प्रचलित कानून अनुसार हटाइने व्यहोरा समेत अनुरोध छ।

| | |
|---|---|
| सरोज कुमार पोखेल | दीपक बहादुर बम |
| प्रमुख प्रशासकीय अधिकृत | नगर प्रमुख |
| प्रमुख प्रशासकीय अधिकृत | दीपक बहादुर बम नगर प्रमुख |

बोधार्थ:

श्री जिल्ला प्रशासन कार्यालय बैतडी ।

श्री वडा कार्यालय सबै, पुचौंडी नगरपालिका, वैतडी: पत्रको व्यहोरा अनुसार सूचना सम्प्रेषण गरी कार्यान्वयन गर्न गराउन हुन।



CamScanner